म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३६ | आइतबार १९ भदौ २०७९ | ने. सं. ११४२ ञलाथ्व | 4 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा


## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषध गाँजासहित दुई जना पक्राउ

हेटौंडा, १८ भदौ/मकवानपुर प्रहरीले अबैध लागूऔषध गाँजासहित दुईजनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले ७४ किलो ७ सयग्राम अबैध लागूऔषध गाँजासहित दुईजनालाई पक्राउ गरेको हो । हेटौंडा-१० स्थित राप्तीपुल नजिकै रहेको पूर्वपश्चिम सडकखण्डमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०१ ०२५ च १९४२ नम्बरको तरकारी बोक्ने पिकअप गाडीलाई रोकी चेकजाँच गर्दा गाडीको पछाडी ढालाभित्र तरकारी राख्ने क्रेटमा लुकाएर राखिएको अवस्थामा लागूऔषध गाँजा ७४ किलो ७०० ग्राम फेला पारेको प्रहरीले जनाएको छ । प्रहरीले गाँजासहित गाडी चालक नुवाकोट बिदुर नगरपालिका-१३, बर्मानगरका ३१ वर्षीय प्रकाश तामाङ र सोही गाडीमा सवार पर्सा ठोरी गाउँपालिका-३ बस्ने बर्ष ३४ वर्षीय चन्द्रकुमारी श्रेष्ठ सहित पिकअप गाडीलाई नियन्त्रणमा लिएको छ ।

# एमालेमा कतै पुस्तान्तरण, कतै पुरानै अनुहार







साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ नेकपा एमाले मकवानपुरले आगामी मंसिर ४ गते हुने प्रतिनीधिसभा निर्वाचनको लागि ८ जनाको नाम सिफारिस गरेको छ ।

जिल्लामा रहेको २ वटा प्रतिनीधिसभाको निर्वाचन क्षेत्रको उम्मेदवारको लागि एमालेले ८ जनाको नाम सिफारिस गरेको हो । शुक्रबार जिल्लाको दुवै क्षेत्रिय कमिटीले आगामी निर्वाचनको लागि उम्मेदवारहरुको नाम सिफारिस गरेको हो ।

पुस्तान्तरणको कुरा उठाउँदै आएको एमालेले आगामी निर्वाचनको लागि उम्मेदवार सिफारिस गर्दा उक्त कुरालाई पुर्ण रुपमा लागु भने गर्न सकेको छैन । एमालेले मकवानपुरको २ नम्वर क्षेत्रमा पुस्तान्तरणको प्रयास गर्न खोजेको देखिएपनि निर्वाचन क्षेत्र नम्वर १ मा भने वर्षौदेखी देखिदै आएको पुरानै अनुहारलाई दोहोर्याएको छ । एमालेको क्षेत्र नम्वर-१ कमिटीले प्रतिनिधीसभा चुनावका लागि पाँच जनाको नाम सिफारिस गरेको छ । सिफारिस भएको नाममा केहि नाम नयाँ भएपनि प्राथमिकता भने पुरानैले पाएको देखिन्छ ।

शनिबार सम्पन्न क्षेत्रिय कमिटीको हेटौंडामा सम्पन्न बैठकले नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज रामेश्वर राना, अर्का केन्द्रीय सदस्य तथा अर्थ समितिका सभापति कृष्ण प्रसाद दाहाल, एमाले मकवानपुरका जिल्ला सचिवालय सदस्य तथा अधिवक्ता मदन कुमार दाहाल, एमाले मकवानपुरका सदस्यहरु नरहरी महत र रमिला सापकोटाको नाम जिल्ला कमिटीलाई सिफारिस गरेको छ ।

एमालेले प्रतिनीधि सभाको उम्मेदवारको लागि सिफारिस गरेको राना मकवानपुरको तत्कालिन जिल्ला विकास समितीको पूर्व सभापति हुन् भने २०६४ सालको निर्वाचनमा पराजित भएका थिए ।

त्यस्तैगरि एमालेको सिफारिसमा परेका दाहाल ४ पटकसम्म चुनाव लडिसकेका छन् भने ३ पटक निर्वाचित समेत भएका छन् । दाहाल २०४८, २०५६ र २०७४ को निर्वाचनमा विजयी भएका थिए । उनले २०५१ सालको निर्वाचनमा भने पराजय व्यहोरेका थिए । एमालेले निर्वाचन क्षेत्र नम्वर १ को लागि सिफारिस गरेको दाहाल र राना बाहेकका अन्य तीनजना भने निर्वाचनको लागि नयाँ अनुहार हो ।

दाहाल, महत र सापकोटाले यसअघि कुनैपनि निर्वाचनमा भाग लिएका छैनन् । एमालेको अर्को पुस्ताको रुपमा उनीहरु रहेपनि निर्वाचनमा भने पुरानै अनुहारले प्राथमिकता पाउने निश्चित प्राय: छ । एमालेकै एक जिल्ला सचिवालय सदस्यको अनुसार प्रतिनीधिसभा निर्वाचनको लागि उनीहरुको नाम सिफारिसमा परेपनि टिकट पाउने सम्भावना भने कम छ । निर्वाचनमा उम्मेदवार बन्नेमा उही पुरानो अनुहार अर्थात राना र दाहालमध्येको एक हुने उनको दावी छ ।

क्षेत्र नम्वर १ मा पुस्तान्तरणलाई व्यवहारमा उतार्न पछि देखिएपनि एमालेले २ नम्वर क्षेत्रमा भने पुस्तान्तरणलाई नै प्राथमिकता दिएको देखिन्छ । एमालेले प्रतिनिधीसभा क्षेत्र नम्बर-२ मा नेकपा एमाले बागमती प्रदेश कमिटीका उपसचिव तथा प्रचार विभागका प्रमुख महेश कुमार बर्तौला, सुवासचन्द्र ठकुरी र बुद्धरत्न मानन्धरको नाम सिफारिस गरेको छ । यी तीनजनामध्ये ठकुरी २०७० को संविधानसभा सदस्यमा निर्वाचित व्यक्ति हुन् भने अरु दुई नयाँ अनुहार हो । विद्यार्थी राजनीति गर्दै आएका प्रदेश कमिटीका उपसचिव तथा प्रचार विभागका प्रमुख बर्तौला एमालेको प्रभावशाली युवा नेताहरुमा नै गनिन्छन् । उसो त, मकवानपुरको क्षेत्र नम्वर २ बाट उनी उम्मेदवार बन्ने प्रवल सम्भावना नरहेको पनि होइन । एमालेकै नेताहरु क्षेत्र नम्वर २ मा सिफारिस भएको ३ जना मध्ये बर्तौला मुख्य दावेदार रहेको बताउँछन् ।

शनिबार भएको बैठकमा उम्मेदवारी दिन चाहनेले आृनो धारणा राखेका थिए । दुवै क्षेत्रको बैठकमा एमालेका नेताहरु डोरमणि पौडेल, जुनेली श्रेष्ठ, भारती पाठक, अनन्त पौडेल, रामचन्द्र राई, नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठ, एमालेका प्रदेश कमिटी, जिल्ला कमिटी, क्षेत्रिय कमिटीका नेताहरुको उपस्थिती रहेको थियो ।

# फोहोरबाट आम्दानी गर्दै थाहा नगरपालिका

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ पश्चिम मकवानपुरको थाहा नगर पालिकाले फोहोरबाट आम्दानी गर्न थालेको छ ।

थाहा नगरपालिकाले जैविक र अजैविक फोहोर बिक्रीबाट आम्दानी गरेको हो । नगरपालिकाले गत आर्थिक ववर्षमा जैविक फोहोर बाट मल र अजैविक फोहोर बिक्रीबाट साढे एक लाख रुपैयाँ आम्दानी गरेको जनाएको छ ।

नपालिकाले प्रत्येक वडामा बजार पहिचान गरी व्यवस्थापन समिति गठन गरेको छ । नगरपालिकाले १६ वटा समितिबाट फोहोर संकलन गरेर थाहा नगर पालिका-२ टाखेल र ६ बज्रवाराही स्थित सेरिगेसन हाउसमा जम्मा गर्ने गरेको जनाएको छ ।

त्यहाँ कुहिने र नकुहिने फोहर छुट्याइने गरिएको छ । नकुहिनेलाई बिक्री र कुहिनेबाट मल बनाइने गरेको नगर प्रमुख विष्णु



विष्टले जानकारी दिए । उनले नकुहिने फोहोरको उचित व्यवस्थापन गर्दै आएको पनि जानकारी दिए । उनको अनुसार नगरबाट दिनहुँ २ हजार ५ सय किलो फोहोर संकलन हुने गर्छ । त्यसमध्ये ४ सय किलो कुहिने फोहोर हुने उनले जनाए ।

सहरीकरणसँगै फोहोरको मात्रा बढेको भन्दै नगरले त्यसलाई घटाउन तालिम आयोजना, डस्टबिन वितरणलगायत कार्यक्रम गरिरहेको छ । दिगो रूपमा फोहर व्यवस्थापन गर्न जग्गा छनोट गरी पूर्वाधार बनाउन लागिएको उनले बताए ।

समुदायलाई परिचालन गरेर उचित ढंगले फोहोरको व्यवस्थापन गर्दै आएकाले आम्दानी हुन थालेको उनको भनाई छ । छुट्टै कार्यविधि नै बनाएर स्थानीयलाई अपनत्व हुनेगरी व्यवस्थापन गरिरहेकाले थप लगानी गर्नु नपरेको विष्टले बताए ।

# ५० जनाद्वारा रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/मुस्लीम यूवा समाजले गरेको रक्तदानमा ५० जनाले रक्तदान गरेका छन् । समाजले शनिबार हेटौंडामा गरेको कार्यक्रममा ५० जनाले रक्तदान गरेका हुन् । रक्तदान नैं जिवन दान भन्ने मुल नाराका साथ समाजले कार्यक्रम गरेको थियो । मुस्लीम यूवा समाजका उपाध्यक्ष मोहम्मद सफीकको अध्यक्षता र सलिम मियाको संयोजकत्वमा कार्यक्रम भएको कार्यक्रमको उद्घाटन् बागमती प्रदेशका पूर्व मुख्यमन्त्री डोरमणि पौडेलले गरेका थिए ।

# हेटौंडा जेसीजले गर्‍यो अपहिल साईक्लिङ च्यालेन्ज




साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ हेटौंडा जेसीजले अपहिल साईक्लिङ च्यालेन्ज गरेको छ ।

हेटौंडा जेसीजले शनिबार मकवानपुरको धार्मिक स्थल मकवानपुरगढी-४ मा अवस्थित मनकामना मन्दिरसम्म अपहिल साईक्लिङ च्यालेन्ज गरेको हो ।

बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्न ढकालको प्रमुख आतिथ्यता तथा मकवानपुर गढी वडा नम्बर-४का वडाध्यक्ष अर्जुन प्रसाद तिमल्सिनाको आतिथ्यतामा भएको कार्यक्रममा १७ जाना साईक्लिस्टहरुको सहभागिता रहेको थियो ।

प्रतियोगितामा मान बहादुर थापा मगर १७ मिनेट ३९ सेकेन्डमा पुरा गर्दै प्रथम, शुशिम चित्रकार १९ मिनेट ४० सेकेन्डमा निर्धारित दुरी पार गर्दै दोस्रो र प्रेम राजवंशी २१ मिनेट २६ सेकेन्डमा दूरी पार गर्दै तृतीय भएका थिए । प्रथम, द्वितीय, तृतीय हुनेहरुलाई मेडल प्रमाण पत्र र नगद क्रमश ९ हजार ६ हजार र ३ हजार रुपैया प्रदान गरिएको थियो ।

जेसिआई हेटौंडा वर्ष २०२२ का अध्यक्ष पवन कुमार कंसाकारको सभाध्यक्षतामा भएको कार्यक्रममा पुर्वध्यक्ष रवी नेपाल, राजदेव बानियाँ, मकवानपुर जिल्ला साईक्लिङ संघका अध्यक्ष संगित श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा हेटौंडा जेसीजका महासचिव विकेशलाल श्रेष्ठले सहजीकरण गरेका थिए ।

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३२३




Note: BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।

साझाकुरा

## हाम्रो कुरा

# डेंगु महामारी रोक्ने अभियानमा सक्रियता देखाऔं

हेटौंडामा पछिल्लो समय डेंगु संक्रमणले महामारीको रुप लिने खतरा बढेको छ । डेंगु लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो । यसको भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ । पछिल्लो केही हप्तादेखि तराईका विभिन्न शहरमा महामारीको रुपमा फैलिएको डेंगु मक्वानपुर जिल्लामा पनि व्यापक बन्दा आम सर्वसाधारणमा त्रास बढेको छ । हेटौंडा अस्पताल तथा निजी अस्पतालहरुमा डेंगु संक्रमण जाँचका लागि आउनेको संख्या पनि बढ्दै गएको छ । बिरामी बढेसंगै सरकारी अस्पतालमा डेंगु चेकजाँच गर्ने कीटको अभाव भएको खबर पनि बाहिरिएको छ । त्यसैले डेंगुको महामारी फैलिँदै गए यसबाट धेरै जनधनको क्षति हुने देखिएको छ ।

स्वास्थ्यका दृष्टिले वर्षायाम संवेदनशील समय हो । अझ बर्षायाममा विभिन्न प्रकारका रोगहरु फैलने गर्दछन् । यीमध्ये डेंगु पनि एक हो । नेपालमा यो रोग बर्षेनि तीब्ररुपमा फैलिँदै गइरहेको छ । यो रोग एडिस एजिप्टाई प्रजातिको लामखुट्टेले टोकेर हुने तिब्र भाइरल रोग हो । यो भाइरस डेन १ देखि ४ सम्म हुन्छन् । नेपालमा सन् २००६ मा बाँकेमा यो रोगको बिरामी भेटिएको थियो । विश्व स्वास्थ्य संगठनका अनुसार वर्षेनि विश्वमा करिब ६ करोड व्यक्ति यो रोगबाट संक्रमित हुन्छन् भने २ अर्ब ५० करोड व्यक्ति जोखिममा रहेका छन् । यो रोग सार्ने लामखुट्टे ग्रामीण भेगमा भन्दा शहरी भेगमा बढी पाइने गरेको छ । सन् २०१० मा नेपालमा यसले माहामारीको रुप लिएको थियो, जसमा ९ सय १७ जना बिरामीमा ६ जनाको मृत्यु भएको थियो । डेंगुलाई 'ब्याक बोन फिभर'का नामले पनि चिनिन्छ । यो रोग लाग्दा एक्कासी ज्वरो आउने, टाउको, ढाड, जोर्नी दुख्ने, शरीरमा बिमिरा आउने, रक्तचाप घट्ने, नाक, कान, गिजा, गुद्द्वारबाट रगत आउने जस्ता लक्षणहरु देखा पर्छन् । यो रोगविरुद्ध खोप तथा खास कुनै उपचारसमेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यो रोगबाट बच्ने मुख्य उपाय हो । यो रोगबाट बच्नको लागि घर वरिपरि सरसफाइ गर्ने, सुत्दा झुलको प्रयोग गर्ने, लामो बाउला भएको लुगा लगाउने, घरका झ्याल एवम् ढोकामा जाली लगाउने, रोगको शंका लागेमा तुरुन्त स्वस्थ्य संस्थामा सम्पर्क गर्ने गर्नुपर्दछ । डेंगु संक्रमणको सम्भावना रहेका क्षेत्रमा आवश्यक सचेतनासहित लामखुट्टे नियन्त्रणका प्रभावकारी उपाय गर्नु आवश्यक छ ।

अहिले हेटौंडामा देखिएको डेंगु संक्रमण बढ्न नदिन हेटौंडा उपमहानगरपालिकाले शनिबारदेखि लामखुट्टेको लार्भा नियन्त्रणका लागि 'सघन अभियान' सञ्चालन गरेको छ । शनिबार नगरका सबै टोल विकास संस्थाहरुले आआफ्नो क्षेत्रमा लामखुट्टेको लार्भा नष्ट गर्ने अभियान सुरुवात गरेका छन् । अब तीन दिनसम्म चल्ने यो अभियानमा सबैले साथ दिएर लामखुट्टे नष्ट गर्ने कार्यलाई सफल बनाउनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मक्वानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ २० गते सोमबार ५ सेप्टेम्बर २०२२ । भाद्र शुक्लपक्ष दशमी । ज्ञलाथ्व ११४२ । सूर्योदय: ५:४४:२९, सूर्यास्त: ६:२०:०८ मा हुनेछ । अन्तर्राष्ट्रि मानव बेचबिखनबिरुद्ध दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक चिन्ता | **तुला** | : परिवारमा हर्ष |
| **वृष** | : कार्यान्तरणको योग | **वृश्चिक** | : व्यवसाय फस्टाउने |
| **मिथुन** | : व्यर्थ भ्रमण | **धनु** | : नैराश्यता |
| **कर्कट** | : मान प्रतिष्ठा वृद्धि | **मकर** | : परिश्रमबाट सफलता |
| **सिंह** | : धनहानि | **कुम्भ** | : सम्पत्तिसम्बन्धी विवाद |
| **कन्या** | : हर्ष थपिने | **मीन** | : मित्रबाट विरोध |

# उच्च शिक्षामा नेपाल कहाँ छ ?



भीम रेग्मी

*शिक्षाले उच्च नैतिकवान, जिम्मेवारीपन, आलोचनात्मक र रचनात्मकता भएका नागरिक उत्पादन गर्न र शिक्षालाई बजारसँग नजोडेका कारण नेपालबाट एक वर्षमा शिक्षाका लागि ६८ अर्ब बराबरको रकम विदेशिएको छ ।*

कार्ल मार्क्सले संसार बुझ्ने भन्दा बदल्ने कुरालाई ध्यान दिए। यसै प्रसंगमा अल्बर्ट आइन्स्टाइनले भनेका थिए- 'कुनै पनि समस्यालाई चेतनाको समान स्तरबाट समाधान गर्न सकिदैन। वर्तमान आवश्यकताबाट हामीले संसारलाई हेर्न, बुझ्न र बदल्न सिक्नुपर्छ।' यी दुवै तथ्यले उच्च शिक्षालाई नयाँ तरिकाले हेर्न प्रेरित गर्छन्। अबको नेपालको उच्च शिक्षाले लिनुपर्ने बाटो यही हो। तर, सरकारको नीति त्यस्तो देखिएको छैन । उच्च शिक्षाले विगतमा समाजमा भएका परिवर्तन र प्रगतिको परिचय दिनको लागि महत्वपूर्ण भूमिका खेल्छ। घटनाको सूक्ष्म अध्ययनबाट मात्र कुनै पनि क्रान्ति वा समयको लिपिबद्धता हुन्छ। आजका नयाँ पुस्तालाई देशको भविष्य निर्माण गर्ने बाटो भेट्टाउन प्रेरित गर्ने प्रमुख हतियार नै उच्च शिक्षा हो। यसलाई समाजको आन्तरिक सुधारको माध्यम बनाउन पहल गरिराख्नुपर्छ।

कुनै पनि समाजमा शिक्षा भनेको विशेष अनिश्चितताको वातावरणमा विद्यार्थीलाई रचनात्मक हुनसक्ने क्षमता बनाउनु हो। संज्ञानात्मक असन्तुष्टिलाई ठिक तरिकाले व्यवस्थापन गर्ने क्षमताको सुरुवात नै उच्च शिक्षाबाट हुन्छ। यसले नै मानिसदेखि नेतृत्वको असफलतालाई हटाउन र देशलाई सही बाटोमा लैजान सहयोग गर्छ। नेपालमा अहिले जेठो त्रिविसहित १६ वटा विश्वविद्यालयहरू संचालनमा छन्। तर पनि करिब ८० प्रतिशत विद्यार्थीले त्रिविलाई नै रोज्छन्। मधेश कृषि विश्वविद्यालय, योगमाया आयुर्वेदिक विश्वविद्यालय र मदन भण्डारी विश्वविद्यालय पछिल्लो समयमा स्थापित उच्च शिक्षाका केन्द्रहरू हुन्।२०७८/७९ मा मात्र विदेशमा जाने विद्यार्थीले नेपालबाट ६८ अर्ब बराबरको रकम पढ्नका लागि बाहिर लगेका छन्। देशमा यति धेरै विश्वविद्यालय हुँदाहुँदै किन नेपाली विद्यार्थीका लागि नेपालका विश्वविद्यालय छनोटमा परेनन् ? यो प्रश्नको समाधान खोज्न सकिएन भने आगामी १० वर्षमा देश कता पुग्ला ? यो समस्यालाई नेपालको शिक्षा क्षेत्रको असफलता मान्न सकिन्छ वा यो नियमित प्रक्रिया हो ? कसैले यी प्रश्नहरूलाई खुला बजारसँग जोडेर हेर्छन्। यी प्रश्नहरूसहित नेपालको उच्च शिक्षाको अवस्था र गुणस्तर जस्ता विषयमा छलफल हुनुपर्छ। राजनीतिक पार्टीहरूले यस्ता मुद्दाहरूमा बोल्न निकै ढिला भएको छ। शिक्षाले उच्च नैतिकवान, जिम्मेवारीपन, आलोचनात्मक र रचनात्मकता भएका नागरिक उत्पादन गर्न र शिक्षालाई बजारसँग नजोडेका कारण नेपालबाट एक वर्षमा शिक्षाका लागि ६८ अर्ब बराबरको रकम विदेशिएको छ। क्षमताहरू पलायन भएका छन्।छिमेकी देश भारतमा रहेका १ हजार २३ विश्वविद्यालयमा ५४ केन्द्रीय विश्वविद्यालय, ४४३ प्रान्तीय विश्वविद्यालय, १२३ मानित विश्वविद्यालय र ४०३ निजी विश्वविद्यालय छन्। १ हजार ४६८ उच्च प्राविधिक विश्वविद्यालयसहित चीनमा २ हजार ७३८ विश्वविद्यालय सञ्चालनमा छन्। जनसंख्याको हिसाबले चीनमा ५ लाख मानिस बराबर १ विश्वविद्यालय, भारतमा करिब १४ लाख बर ाबर १ विश्वविद्यालय र नेपालमा १९ लाख बर ाबर १ विश्वविद्यालय रहेका छन्।

जनसंख्या र विश्वविद्यालयको स्थापना मापनको निर्धारण संख्यामा गरिनुहुन्न। विश्वविद्यालय स्थापना र सञ्चालन आजको एक्काइसौं शताब्दीमा औचित्य, सरकारको लगानी सामर्थय, शिक्षाको गुणस्तर र विद्यार्थीको रोजाइमा पर्नुपर्छ। नेपाल सरकारको ठूलो सहयोगदाता विश्व बैंकले उच्च शिक्षाले समुदायलाई नभई व्यक्तिलाई मात्र लाभ पुर्याउने हुँदा गुणस्तरमा ध्यान दिन जोड दिन्छ। सन् १९८० पछिको खुला बजार नीतिको निरन्तरतामा विश्व बैंकले एक्काइसौं शताब्दीमा उच्च शिक्षाबारे यही सोच बनाएको हो। छिमेकी देश भारतले ४०३ निजी विश्वविद्यालय खोल्न अनुमति दिएको निष्कर्ष यो कथनसँग मिल्छ। नेपालमा पनि यही सोनीतिनिर्मातामा देखिएका कारण उच्च शिक्षामा बेथिति देखिन थालेका छन्। विश्व बैंकको यो बुझाइलाई मान्दा यसले उच्च शिक्षामा समानता नभई आर्थिक हैसियतले स्थान पाउँछ।

तथापि एक्काइसौं शताब्दीमा उच्च शिक्षा दिगो विकास र ज्ञानमा आधारित समाज निर्माण गर्ने सशक्त माध्यम भएकाले उच्च शिक्षाको लगानीबाट सरकार पछि हट्नुहुन्न। पश्चिमा देशहरू उच्च शिक्षाको पाठ्यक्रम निर्माण गर्दा स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी गरी चार अवधारणालाई अपनाउँछन्। यसले नै अध्येतालाई प्रतिस्पर्धी बनाउँछ भन्ने उनीहरूको सोच पाइन्छ। यो बुझाइमा हामीहरू चुकेकै छौं।उच्च शिक्षामा पाठ्यक्रम योजनाकारहरूले प्राय: अन्तर्राष्ट्रिय गतिशीलता, विश्वव्यापी जागरूकता र सांस्कृतिक क्षमताहरूको पहिचानलाई महत्व दिन्छन्। यिनै तथ्यहरूले विश्वविद्यालयमा विचार र ज्ञान निर्माण हुने गर्छ। विद्यार्थीले खुला दिमागले भिन्नता र समान तथ्यहरूको अध्ययन सहिष्णु वातावरणमा गर्न सकून् भन्ने उनीहरूको बुझाइ छ। कुनै पनि विश्वविद्यालयमा तालाचाबीको होडबाजीले चाहिने क्षमता निर्माण गर्न सक्दैन।

समाजलाई चाहिने स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी दृष्टिकोणहरू उच्च शिक्षाबाट नै सम्भव हुन्छ। अन्तर समुदाय, अन्तर देशीय र अन्तर महादेशीय मुद्दाबारे अध्ययन अनुसन्धानबाट नै नयाँ विषयको ज्ञानको मर्म भेट्टाउनका लागि सारकारले उच्च शिक्षामा ध्यान दिनै पर्छ। नेपाल जस्ता तेस्रो मुलुकका लागि गुणस्तरीय र स्वाभिमानी उच्च शिक्षा दिन सर कारले लगानी बढाउनु आवश्यक छ।सुसंस्कृत विश्वविद्यालयमा मात्र विद्यार्थीले विश्वव्यापी दृष्टिकोणहरू बुझ्न र अरूसँग सफलतापूर्वक र सम्मानपूर्वक अन्तरक्रिया गर्न सक्छन्। यसले नै देशको विकासमा दिगोपन र सामूहिक कल्याणको लागि जिम्मेवार कदम चाल्न भूमिका खेल्छ। एक्काइसौं शताब्दीमा उच्च शिक्षाले ज्ञान सञ्जालहरू बनाउन, अनुसन्धानमा श्रेष्ठता पाउन, नवप्रवर्तन केन्द्रहरू स्थापना गर्न, कर्पोर ेट-समर्थित संस्थाहरूको विकास गर्न र संकाय विकासको लागि सामर्थ्यको निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्छ। समग्रमा समाजले दिगो आर्थिक विकासका लागि पर्यावरणलाई अनुकूल राख्न, सामाजिक र सांस्कृतिक विकासलाई जनस्तरमा लैजान र स्थानीय तहमा उत्पादन वृद्धि गर्नका लागि उच्च शिक्षा नै सरकारको नियन्त्रण र सहयोगीको भूमिकामा हुनुपर्छ। अन्यथा पूँजीको विकासका लागि हुने विनाशले छिट्टै मानवीय संकट देखिने कुरा प्रष्ट छ। हामीले अहिले समग्र रूपमा विश्वको बढ्दो नाजुकता, असमानता र अस्थिरतालाई विचार गर्ने हैन। हाम्रो उच्च शिक्षा हाम्रै देशको विकास र समृद्धिका लागि बनाउन पहिलो पहल हुनुपर्छ।

यो बाहेक अन्य कुराहरू अहिले आफैंमा अस्वीकार्य मात्र होइन, वास्तवमा र ाष्ट्रिय हितको विपरीत पनि हुन्छन्। हामीले उत्पादन गरेका मानव स्रोतलाई यहीं बसेर सम्मान साथ काम गर्ने वातावरण बनाउन राजनैतिक पार्टीहरूको भूमिका आवश्यक छ र आजको नेपालमा उच्च शिक्षाले नेपालको विकासमा फरक प्राथमिकताहरूलाई समर्थन गर्न आवश्यक छ।उच्च शिक्षाले सुरुमा आदर्शवान र उत्तम नागरिक निर्माण गर्न भूमिका खेल्यो। पछि शिक्षाको उद्देश्य भनेको नागरिकहरू राम्रोसँग प्रशिक्षित हुनुपर्ने भन्ने कुराले प्राथमिकता पायो। पछिल्लो समयमा उच्च शिक्षाले आलोचनात्मक र सृजनात्मक भावना भएको नागरिक बनाउनुपर्ने विषयले महत्व पाएको छ। उच्च शिक्षाको आजको आदर्श उच्च नैतिकवान, जिम्मेवारीपन, आलोचनात्मक र रचनात्मकता हो। यसबाट नै सिक्ने र सिकाउने क्षमता र समस्याको सामना गर्ने तत्परता बढाउँछ। सिकेका कुराहरूलाई समय अनुसार परिमार्जन गर्न र आफूलाई थाहा भएको कुराको कमजोरी महसुस गर्न नैतिक बल दिने उच्च शिक्षा नै नेपालको आवश्यकता हो।समाजलाई जीवनपर्यन्त शिक्षातर्फ लैजान सरकारको भूमिका हुन्छ र हुनुपर्छ। यसले देशको सुरक्षा-संचालित प्रतिरोधलाई हटाउन नयाँ स्तम्भहरू निर्माण गर्न बाटो देखाउँछ। उच्च शिक्षाले नै शिक्षार्थीलाई मेरो ज्ञानलाई देशको आवश्यकतासित कसरी जोड्न सक्छु, मेरो देशको समाजलाई कसरी क्षेत्रीय र विश्वव्यापी चासोसित जोड्न सक्छु भन्ने सिकाउँछ। कसरी हाम्रा चिन्तन र सोचाइ अरू मानिस र देशका भन्दा फरक छन् र ती फरकपनलाई कसरी देखाउन सकिन्छ भन्ने कुरामा उत्प्रेरणा दिन्छ। अध्ययन, स्व-अध्ययन र अनुसन्धानबाट कसरी संसारलाई बुझ्ने र अरूसँग कसरी सिकाइको बारेमा वार्तालाप गर्न सकिन्छ भन्ने क्षमता शिक्षाले दिन्छ। विश्वमा अहिले चीनले आफ्नै किसिमको प्रविधिको विकास गर्ने शिक्षामा लगानी बढाएको छ। चीनमा २ हजार ७३८ विश्वविद्यालयमध्ये १ हजार ४६८ उच्च प्राविधिक विश्वविद्यालय सरकारले चलाउनुले यही कुराको पुष्टि गर्छ। नर्वेले समाजवादी मोडेलमा उच्च शिक्षालाई नि:शुल्क गरेको छ। फिनल्यान्ड र स्विडेनमा उच्च शिक्षामा विश्व बैंकको बुझाइ अनुसार सरकारी लगानी घटेको छैन र सरकारले उच्च शिक्षामा आफ्नो दायित्व बढाएको छ। सिङ्गापुरले उच्च शिक्षालाई उद्योग र बजारसँग जोडेर रोजगार मूलक बनाएको छ। अमेरिका र अस्ट्रेलियाले विदेशी विद्यार्थीलाई बजारमा फरक काम दिएर उनीहरूबाट शुल्क लिने र छात्रवृत्ति दिने नीति लिएका छन्। नेपालमा उच्च शिक्षा बोझ र बेकामे जस्तै बनेको छ।

देशमा बस्छु भन्नेले उच्च शिक्षामा पहुँच गुमाएका छन् र पहुँच पाएको व्यक्ति छिट्टै वा पढाइ सकेपछि पलायन भएको छ। यसो हुनुमा राजनैतिक प्रणाली भन्दा पनि राजनैतिक पार्टीका नेताहरूमा देखिएको समस्या जिम्मेवार छ। देशका नीतिनिर्माता यहीं चुकेका छन्। यही कारण नै पाँच महिना भन्दा बढी समय देशमा ८० प्रतिशत भार बोकेको शैक्षिक संस्था बन्द हुँदा राजनैतिक नेताहरू प्रतिक्रियाविहीन बनेका छन्। यस बारेमा नेपालका बौद्धिक समुदाय र प्राध्यापकहरू पनि बोल्न नसक्ने अवस्थामा देखिन्छन्।नेपालमा खुलेका विश्वविद्यालयहरू फर क भन्दा पनि एकै प्रकारका छन्। सरकारले खोलेका विश्वविद्यालयहरूलाई व्यवस्थापन नगरी नयाँ विश्वविद्यालय खोल्ने नीतिले विश्वविद्यालय स्थापनाको औचित्य प्रमाणित हुँदैन। उच्च शिक्षा धरापमा पर्नु र विश्वविद्यालयले हजारौं विद्यार्थीको विश्वास गुमाउनुमा यो तथ्य जिम्मेवार छ।

क्षमताहरू पलायन भएका छन्। यसले नेपालको दिगो विकासमा नकारात्मक असर पार्छ। सरकारी तहबाट उच्च शिक्षालाई आवश्यकता र नयाँ सम्भावना भएको क्षेत्रका रूपमा विकास गर्नुपर्छ। पढाइ, परीक्षा र नतिजालाई नियमित गरेर समय अनुसारको पाठ्यक्रम भएमा मात्र पनि अभिभावक र विद्यार्थीको सोच नेपालका विश्वविद्यालयप्रति सकारात्मक हुनेछ। (लेखक त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनरत छन्।

साभार:अनलाइनखबर

# हामीले नै बिगारेका हौं उनीहरूलाई !



विजयमणि पौडेल

विद्यालयदेखि नै पढ्यौं- लोकतन्त्र जनताको शासन हो। यस्तो शासन व्यवस्थामा जनताद्वारा चुनिएका प्रतिनिधिहरू नै संसद र सरकारमा हुन्छन्। संविधान र शासन व्यवस्था हेर्ने हो भने देशमा लोकतन्त्र छ। तर कतिपय व्यवहार र संस्कार हेर्ने हो भने देशमा लोकतन्त्र आएकै छैन। जनताबाट चुनिएका प्रतिनिधिहरूले आफूलाई जनताभन्दा माथि राखेका छन्। जनताले पनि आफैंले भोट दिएर पठाएकाहरूलाई ठूला बनाइदिएका छौं। जनताको सेवक र जनताप्रति जवाफदेही हुनुपर्ने जनप्रतिनिधिहरूलाई 'महामानव' बनाइदिएका छौं।

केही जनप्रतिनिधिहरू जनताप्रति इमानदार र नजिक छन्। उनीहरू अपवाद हुन्। अधिकांश जनप्रतिनिधि जनताबाट टाढा छन्। उनीहरू जनताप्रति उत्तरदायी र इमानदार नभएको तथ्य पत्ता लगाउन कुनै प्राज्ञिक अनुसन्धान गर्नै पर्दैन। उनीहरूको दैनिक व्यवहार हेर्ने हो भने यो यथार्थ स्पष्ट देखिन्छ। उनीहरू जनतासँग कि त भोट माग्न आए कि त राजनीतिक रूपमा लाभ हुने कुनै कार्यक्रममा आए। उनीहरू आउँदा हामीले ताली बजाइदियौं। माला र खादा लगाइदियौं। कार्यक्रममा उनीहरू प्राय: ढिलो नै आए। ढिलै आए पनि भव्य स्वागत गरिदियौं। उनीहरू नआइकन कार्यक्रम सुरू नै गरेनौं। उनीहरूलाई पर्खिने क्रममा ७०/८० वर्ष नाघेका वृद्धवृद्धालाई तातो घाममा घन्टौं उभ्याइदियौं। हातमा फूलमाला दिएर बालबालिकालाई घुँडा दुख्ने गरी उभिन लगायौं। मेलापात छाडेर, उद्यम/व्यवसाय बन्द गरेर वा स्कुल छुट्टी दिएरै भए पनि उनीहरू आउने कार्यक्रममा पुगिदियौं।जब उनीहरू गाडी वा जहाजबाट ओर्लिए, आफैं पुगेर छाता ओढाइदियौं। दलबलका साथ उनीहरू मन्चमा आउँदै गर्दा उद्घोषण गरिदियौं- हाम्रो प्रमुख अतिथि पाल्नुभएको छ, सबै आआफ्नो ठाउँबाट उठेर उहाँको सम्मान र स्वागत गरौं। छिमेकी गाउँ र सहरमा सुनिने गरी गडगड ताली बजाऔं। उनीहरू हिँड्ने र बस्ने ठाउँलाई विशेष रूपले सिँगारिदियौं। मन्चको अगाडि चिटिक्क परेको सोफामा उनीहरूलाई राखिदियौं। पानसमा बत्ती बाल्न लाएर कार्यक्रमको उद्घाटन उनीहरूबाटै गरायौं। कार्यक्रम चल्दै गर्दा चाकरीबाजले उनीहरूको कानमा गएर सुटुक्क भनिदियौं- हजुरको आगमनले यो ठाउँमा रौनक छाएको छ। हेरिबक्सियोस् त, सबै खुसीले व्यग्र भएर हजुरको दुई वचन सुन्न प्रतिक्षारत छन्।जब मन्तव्यका लागि पोडियममा बोलायौं, प्रशंसा र चाकरीले भरिएका विशेषणहरू दियौं। उनीहरूको भाषणमा ताली बजाइदियौं। हरेक कार्यक्रम उद्घाटन गर्न, रिबन काट्न उनीहरूलाई नै बोलायौं। फलानोको बाहुबलीबाट शुभारम्भ भएको उल्लेख गर्दै शिलापत्र वा ताम्रपत्रमा उनीहरूको नाम ठूलो अक्षरले लेखिदियौं।आफ्नो पार्टी वा गुटको शक्ति प्रदर्शन गर्ने भेलाहरूमा उनीहरूले दूरदराजसम्म गाडी पठाए। खाने-बस्ने व्यवस्था र केही खर्चको व्यवस्था गरिदिए। जयजयकारको नारा लाउँदै हामी उनीहरूको भेलामा पुगिदियौं। तातो घाम वा चिसो सिरेटोमा घन्टौं उनीहरूको कुरा सुनेर ताली बजाइदियौं। हाम्रो भीड देखाउँदै उनीहरूले विरोधीहरूलाई भनिदिए- देख्यौ हाम्रो शक्ति! 'सम्भ्रान्त' हौं वा 'सर्वहारा', आम जनता हौं वा 'विशिष्ट मान्छे'- हामीले उनीहरूको चाकरी गरिदियौं। हाम्रो अनुभव छ, उनीहरूलाई खुसी राख्न सक्यो भने 'नहुने' काम पनि हुन्छ। 'हुने' काम झन् सजिलोसँग हुन्छ। लामो प्रक्रियाको काम एकैछिनमा हुन्छ।उनीहरू महँगा गाडीमा मानिसका लाइन लाएर आए। हेलिकप्टर चढेर आए। निर्वाचनमा पैसाको खोलो बगाए। सर्वसाधारणलाई उनीहरूले चुनाव अगाडि टोलटोलमा भोज दिए। विभिन्न व्यक्ति र समूहहरूलाई पैसा बाँडे। सम्भ्रान्तहरूलाई विभिन्न महँगा ठाउँहरूमा बेलाबेला भोज दिए।तर सोधेनौं- त्यो कसको पैसा हो र कहाँबाट आयो? कुनै उद्यम/व्यवसायबिना शानका साथ कसरी बाँच्न सकिन्छ? उल्टै उनीहरूको तारिफ गरिदियौं। उनीहरूले बोलाएको ठाउँमा गएर खाइदियौं, पिइदियौं। हामीलाई केको चासो? हामी धाक लाउँदै हिँड्यौं- फलानो मेरो मान्छे हो, फलानो मेरो आफन्त हो। फलानो मैले भोट हालेको पार्टीको मान्छे हो !काम परेका बेला हामी उनीहरूको घरघर धायौं। चिनजानकै भरमा प्रक्रिया मिचेर भए पनि आफ्नो स्वार्थ पूरा गर्न खोज्यौं। मौका पाइहाले उनीहरूसँगै फोटो खिचायौं। उनीहरूको जन्मदिनमा त्यही फोटो र ाखेर ट्विटर र फेसबुकमा शुभकामना लेखिदियौं।उनीहरूले सपना देखाए, पत्याइदियौं। त्यही सपनामा रगत र पसिना बगाइदियौं। क्रान्ति र आन्दोलनमा उनीहरूले सहयोग मागे। सकेसम्म साथ दियौं- बन्दुक समातेर, सडकमा ओर्लिएर, गाएर, लेखेर। उनीहरूका लागि कतिपय हामी शहीद भयौं। कति घाइते, रोगी र अशक्त भयौं। कतिले परिवार र जायजेथा गुमायौं। कतिले 'बुर्जुवा शिक्षा' को नाममा पढ्नलेख्न छाडेर यौवनको ऊर्जा गुमायौं। जब ती सपना देखाउने मानिसहरू सत्ताको शिखरमा पुगे, उनीहरूलाई हामीले 'महामानव' बनाइदियौं। आफ्नो गुट र स्वार्थ मिल्नेले झुटो बोल्दा पनि ताली बजाइदियौं। फरक गुट र स्वार्थ नमिल्नेले चिच्याएर सही कुरा गरे पनि गाली गरिदियौं। अनि त उनीहरूलाई लाग्यो, उनीहरू सर्वशक्तिमान छन्, उनीहरूले जे बोल्दा पनि हुन्छ, जे गर्दा पनि हुन्छ। किनकि उनीहरूलाई थाहा छ- उनीहरूले जे बोले पनि चाप्लुसी गर्दै टेबल ठटाउनेहरू छन्, आफ्नो इमान बेचेरै भए पनि तारिफ गर्नेहरू छन्। अनि विरोध गर्दै आवाज उठाउनेहरू पनि छन्। उनीहरूले कसैलाई सुन्नु पर्दैन। सबै कुरा उनीहरूलाई थाहा छ।शासनमा रहँदा उनीहरूले बलियो संरचना बनाउनै खोजेनन्। सबै शक्ति र प्रक्रियाको केन्द्रमा आफैंलाई राखे। यसबाट साधारण प्रशासनिक प्रक्रियाबाट हुनुपर्ने कतिपय कामहरू पनि हुन सकेन। अधिकांश कामका लागि उनीहरूकै सिफारिस र तोक चाहियो। उनीहरूले जनतालाई आफ्नै वरिपरि घुम्न बाध्य बनाइदिए। आफूलाई यति 'व्यस्त' बनाइदिए कि, जनता जहाँ पनि उनीहरूलाई भेट्न घन्टौं कुर्न बाध्य भयौं। उनीहरूले आफूलाई जनताभन्दा माथि राखे। आफैंलाई 'माननीय' र 'सम्माननीय' बनाइदिए। हाम्रो जस्तो आर्थिक रूपले विपन्न देशमा उनीहरूले आफ्नो जीवनशैलीलाई राजकीय बनाइदिए।उनीहरूले आफूलाई सुविधाले घेरेर राखे। केही पदहरू एकपटक पाएपछि जिन्दगीभर राज्यले सुविधा दिएर राख्नुपर्ने बनाए। आफ्नो स्वार्थ पूरा हुने गरी कति नीति र प्रावधान ल्याए। अधिकांश परियोजनामा 'कमिसन' लिए र लिन सिकाए। आफ्नो पार्टीलाई उद्यम र व्यवसाय गरेर होइन, अरूबाट चन्दा उठाएर चल्ने बनाए। आफ्ना कार्यकर्तालाई आत्मनिर्भर हुने ज्ञान र सीपभन्दा पनि अरूको र राज्यको स्रोत हडप्न र दोहन गर्न सिकाए । आफ्नै बलबुतामा मेहनत गरेर जीवन निर्वाह गर्ने हरेक नागरिकलाई पक्कै पनि यी सब चर्तिकला हेर्दा/देख्दा उकुसमुकुस हुन्छ ।

अर्को यथार्थ यो पनि हो- सार्वजनिक संस्थाहरू मजबुत र निष्पक्ष नहुँदा व्यक्तिगत, सामुदायिक वा संस्थागत कामका लागि सहयोग माग्न शक्ति र सत्तामा बसेकाहरूसँग जान बाध्य हुन्छौं। कति निकायमा जागिर पाउन, छात्रवृत्ति पाउन, उपचार गर्न जस्ता आधारभूत कुरामा समेत 'सोर्स' र 'फोर्स' चाहिने उदाहरण देखिन्छन्। फेरि विरोधाभाष यो छ कि- जतिसुकै अनुत्तर दायी भए पनि वर्षौंदेखि एकै पात्रहरू हाम्रो वरि परि देखिन्छन्।त्यसैले वर्षौंदेखि हाम्रो व्यवहार र संस्कारमा लोकतन्त्र आउन सकेको छैन। यसका लागि उनीहरूसँगै सबै बदलिन आवश्यक छ। सचेत हुन आवश्यक छ। ब्रह्मले देखेको कुरा बोल्न आवश्यक छ। खबरदारी गर्न आवश्यक छ। आफ्नो व्यक्तिगत र समूहको स्वार्थ छाडेर जागृत हुन आवश्यक छ।होइन भने, हामी खेतमा गाडिएका बुख्याचा मात्र हुनेछौं- मान्छे देखिने तर सास नभएका।अनि उनीहरू तिनै बुख्याचामाथि सधैं राजनीति गरिरहने छन्। *साभार:सेतोपाटी*

# 'प्रेमगीत ३'को ट्रेलर हेरेपछि बलिउडकर्मीले भने-'फिल्मले राम्रो गर्छ'



काठमाडौं, १८ भदौ/ हिन्दी भाषामा डब भएर पहिलो पटक भारतमा प्रदर्शन हुने नेपाली फिल्मको इतिहार रच्न लागेको फिल्म 'प्रेमगीत ३'को यसै हप्ता मुम्बईमा एक कार्यक्रमका बीच ट्रेलर सार्वजनिक गरियो । उक्त कार्यक्रममा उपस्थित हुनका लागि नेपालबाट निर्देशक एवं निर्माता सन्तोष सेन, मुख्य कलाकारहरु प्रदीप खड्का, सुनिल थापा, मनिष राउत, प्रेम पुरी, क्रिस्टिना गुरुङलगायत मुम्बई पुगेका थिए ।

'प्रेमगीत ३'लाई सहयोग गर्न बलिउडबाट 'अन्तिम' निर्देशक तथा कलाकार महेश मंजेकर, अभिनेता शिवाजी सतम, कोरियोग्राफर गणेश आचार्य, 'भूल भूलैयाँ' निर्देशक अनीस बाज्मी, गायक पवनदीप राजन, 'धमाल' निर्देशक इन्द्र कुमार, 'प्रेमगीत ३'का भारतीय निर्माता सुवाष काले लगायतको उपस्थिति थियो । उनीहरुलाई स्वागत गर्न प्रदीप र क्रिस्टिनाले रोमान्टिक नृत्य प्रस्तुत गरेका थिए ।

ट्रेलर रिलिजअघि बलिउडकर्मीले फिल्मको पोस्टर लञ्च गरे । ट्रेलर हेरिसकेपछि भने उनीहरुले फिल्मको तारिफमा शब्द खर्चिए । निर्देशक तथा कलाकार महेश मंजेकरले ट्रेलर राम्रो लागेको र फिल्मले राम्रो व्यापार गर्ने विश्वास व्यक्त गरे । 'अहिले क्षेत्रिय फिल्मले राम्रो गरिरहेका छन् । फिल्मको कुनै भाषा हुँदैन । ट्रेलरमा त्यो देखिन्छ । फिल्मका गीतहरु पनि राम्रा छन्,' उनले भने ।

ट्रेलर हेरेपछि अर्का निर्देशक अनीस बाज्मीले हिमायलको दृश्य एकदमै सुन्दर लागेको प्रतिक्रिया दिए । आफूलाई पनि वर्षौंदेखि नेपालको हिमालयको दृश्यमा फिल्म खिच्ने इच्छा भए पनि आफू कहिल्यै जान नसकेको बताए । उनले लोकेशनदेखि छायांकन पक्षको प्रशंसा गरे । अभिनेता शिवाजी सतमले फिल्म अन्तर्राष्ट्रिय स्तरको बनेको भन्दै फिल्मले बक्सअफिसमा राम्रो गर्ने बताए ।

कोरियोग्राफर गणेश आचार्यले ट्रेलरमा मेहनत देखिएको भन्दै फिल्म राम्रो चल्ने विश्वास व्यक्त गरे । त्यस्तै, निर्देशक इन्द्र कुमारले फिल्म सुपरहिट बनोस् भनेर शुभकामना दिए । 'प्रेमगीत ३'का भारतीय निर्माता सुवाष कालेसँगको सम्बन्धका कारण फिल्मको ट्रेलर रिलिज कार्यक्रममा प्रख्यात बलिउडकर्मीको उपस्थिति रहेको थियो । सुवाषले धेरै बलिउड फिल्मको वितरण गरेका छन् ।

बलिउडकर्मीलाई साक्षी राख्दै फिल्मका प्रमुख अभिनेता प्रदीप खड्काले कार्यक्रममा हिन्दी भाषामा आफ्नो धारणा राखेका थिए । एक पत्रकारले हिन्दी भाषामा बोल्नुको कारण सोधेपछि उनले भने- 'अन्तर्राष्ट्रिय मञ्चमा बोल्दा हामी अंग्रेजी प्रयोग गर्छौं । जसले गर्दा हामी धेरै दर्शकसम्म पुगौंला । तर, हिन्दीमा बोल्दा हामी मनसम्म पुग्छौं । त्यसैले हाम्रो लागि टुटेफुटेको हिन्दी नै उत्तम छ ।'

निर्माता एवं निर्देशक सन्तोष सेनले आफूहरुले त्यसबेला गरेको दु:खले यतिबेला खुसी मिलेको बताए । अभिनेता सुनिल थापाले फिल्म अन्तर्राष्ट्रिय स्तरको बनेको भन्दै खुसी साटे । भारतीय दर्शकको लागि हिमालयको सुन्दर उपहार लिएर आएको र सबैलाई मनपर्नेमा उनी विश्वस्त सुनिए । अभिनेत्री क्रिष्टिना गुरुङले आृनो पहिलो फिल्मले यति ठूलो हाइप पाउँदा खुसी लागेको बताइन् ।

स्वर्गीय छेतेन गुरुङ र सन्तोष सेनले संयुक्त रुपमा निर्देशन गरेको फिल्ममा प्रदीप खड्का, क्रिस्टिना गुरुङ, शिव श्रेष्ठ, अनुभव रेग्मी, सम्वृद्धि शाही ठकुरी, सुनिल थापा, मनिष राउत, सन्तोष सेन, माओत्से गुरुङ, पुस्कर कार्की, प्रेम पुरी, लक्ष्मी वर्देवा, जीवन भट्टराई, योगिशा खत्री, राज थापा लगायतका कलाकारहरुको अभिनय रहेको छ । फिल्मलाई राजेश श्रेष्ठले छायांकन गरेका हुन् ।

*(स्रोत: फिल्मीखबर)*

## ठमेल पर्यटन भेट्रान्स फुटबल कप प्रतियोगिता हुने

काठमाडौं, १८ भदौ (रासस)/ठमेल पर्यटन विकास परिषद्को आयोजनामा पहिलोपटक ठमेल पर्यटन भेट्रान्स फुटबल कप प्रतियोगिता हुने भएको छ ।

परिषद्ले शुक्रबार पत्रकार सम्मेलन गरी खेलकुद क्षेत्र मार्फत ठमेल क्षेत्रको प्रवर्द्धन गर्नका लागि प्रथम ठमेल पर्यटन भेट्रान्स फुटबल कप प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिएको हो । पत्रकार सम्मेलनमा परिषद्का उपाध्यक्ष एवं प्रतियोगिताका संयोजक प्रश्रय राजभण्डारीले खेलकुद क्षेत्र मार्फत ठमेल क्षेत्रको पर्यटन विकासका लागि आगामी असोज ९ देखि ११ गतेसम्म लैनचौर फुटबल मैदानमा उक्त प्रतियोगिता गर्न लागेको जानकारी दिए। प्रतियोगितामा ठमेल क्षेत्रका दुई टिमसहित काठमाडौं, पोखरा, धरान, चितवनलगायत देशभर मुख्य सहरका २० टिमको सहभागिता रहने संयोजक राज भण्डारीले बताए ।

चालीस वर्ष उमेर कटेका खेलाडीको सहभागिता रहने उक्त खेलमा टिम दर्ताका लागि रु १० हजार तोकिएको छ भने टिम दर्ता अवधि असोज २ गतेसम्मलाई दिइएको छ । संयोजक राज भण्डारीका अनुसार खेल सेमिफाइनलसम्म ४० मिनेटको र फाइनल खेल ६० मिनेटको हुनेछ । खेलमा प्रथम हुने टिमलाई रु दुई लाख नगद, मेडल र प्रमाणपत्र, दोस्रो हुने टिमलाई नगद रु एक लाख मेडल र प्रमाणपत्र, उत्कृष्ट खेलाडी, धेरै गोल हान्ने खेलाडी र उत्कृष्ट गोलकिपरलाई जनही रु १० हजार र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

# चाँगुनारायण नगर अस्पताल स्तरोन्नति एवं सेवा विस्तार गरिने

भक्तपुर, १८ भदौ (रासस)/ चाँगुनारायण नगर पालिका-४ चुच्चेढुङ्गास्थित स्वास्थ्यचौकीलाई नगर अस्पतालका रूपमा रुपान्तरण गरेको नगर पालिकाले अस्पताललाई स्तरोन्नति गर्नाका साथै सेवा पनि विस्तार गर्ने भएको छ ।

ग्रामीण क्षेत्रमा १५ शय्यामा सञ्चालित उक्त अस्पतालमा प्रभावकारी र गुणस्तरीय सेवा विस्तार गर्ने उद्देश्यले अस्पताल सञ्चालनका लागि नगरप्रमुख जीवन खत्रीको अध्यक्षतामा चाँगुनारायण नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिएको हो ।

अस्पतालसम्म पुग्ने उकालो सडक पक्की नहुँदा निकै जोखिम रहेको, अस्पतालको एम्बुलेन्स लैजान पनि समस्या पर्ने सडकमा बिरामी ओसार्न समस्या हुने गरेको, चिकित्सकीय सेवा विस्तार हुन नसकेकाले स्थानीय बिरामी अस्पतालमा भर पर्न नसकेको गुनासो बढ्दै गएको अवस्थामा अस्पतालको सेवा, सुविधा र समस्या छानबिन गरी सात दिनभित्र यथार्थ वस्तुस्थितिसहितको प्रतिवेदन बुझाउन नगरपालिकाले निर्देशन दिएको छ ।

त्यसैगरि अस्पतालसम्म पुग्ने कच्ची सडक तत्काल पक्की गर्न, अस्पतालको आृनै खाता सञ्चालन गर्न, गुणस्तरीय सेवा सुविधा विस्तार गर्न यहाँका बासिन्दालाई जटिल रोगबाहेक अन्य रोगको उपचारको व्यवस्था गर्न नगर पालिकाले आवश्यक बजेटको व्यवस्था गर्ने र थप बजेट प्रदेश तथा सङ्घीय सरकारसँग माग गर्ने गरी अस्पताललाई विस्तार गर्ने समितिले निर्णय गरेको नगरप्रमुख एवं समितिका अध्यक्ष खत्रीले जानकारी दिनुभयो । समितिका उपाध्यक्ष थापाको अध्यक्षतामा दैनिक क्रियाकलाप सञ्चालन गर्ने निर्णय पनि गरिएको छ ।

उक्त अस्पतालमा हाल २४सै घण्टा आकस्मिक, प्रसूति, ल्याब, ओपिडी, सामान्य शल्यक्रिया, बिमा फार्मेसी, खोप, परिवार नियोजन, एक्सरे, नाक, कान, घाँटी, किशोर(किशोरीमैत्री र आठ हप्तासम्मको गर्भपतन सेवाका साथै नि:शुल्क औषधि वितरण, एम्बुलेन्स सञ्चालन हुँदै आएको छ । आृनै अक्सिजन उत्पादन सुरु गरेको उक्त अस्पतालमा प्राविधिक सामग्रीहरूको विस्तार गर्दै भेन्टिलेटरसहितको आइसीयू, सिसीयू, आधुनिक ल्याब लगायतको व्यवस्था गर्दै विशेषज्ञ सेवा विस्तार गर्ने योजना रहेको नगरप्रमुख खत्रीले बताउनुभयो ।

अस्पताल सञ्चालन कार्यविधिअनुसार गठन भएको समितिको अध्यक्षमा नगरप्रमुख खत्री, वरिष्ठ उपाध्यक्षमा उपप्रमुख बुढाथोकी, उपाध्यक्षमा नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखाका सभापति मनोजकुमार थापा, जनप्रतिनिधि र कर्मचारी रहेको १६ सदस्यीय समिति गठन गरिएको छ ।

अस्पतालमा एक चिकित्सक, चार प्रशासन र अन्य नर्स गरी कूल २३ कर्मचारीले सेवा प्रवाह भइरहेको उक्त अस्पतालबाट आपतकालीन सेवा पूर्वतयारी, गाउँघर क्लिनिक, ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन हुँदै आएको छ ।

# नेपालमै निर्मित नेपाली भाषाका चलचित्रलाई पहिलो प्राथमिकता: केसी



काठमाडौं, १८ भदौ/ किर्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले चलचित्र क्षेत्रमा रहेका सम्भावनाका ढोकालाई खोल्न आवश्यक रहेको बताएका छन् । उनले नेपाली कलाकार र प्राविधिकहरूमा दक्षताको कुनै कमी नरहेको दाबी गर्दै नेपाली सिनेमा क्षेत्र पनि संसारका सिने उद्योगसँग प्रतिस्पर्धा गर्न योग्य बनाउन पहल गर्ने बताएका हुन् ।

शनिवार काठमाडौंमा भएको नेपाल चलचित्र निर्माता संघको १६ औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै उनले चलचित्र विकास बोर्डले नेपालमै निर्मित नेपाली भाषाका चलचित्रलाई पहिलो प्राथमिकतामा राख्ने स्पष्ट पारे । उहाँले चलचित्र क्षेत्रको विकास हुन नसक्नुको कारण पहिचान गरी एक/दुई दिन भित्र नै मन्त्रालयलाई जानकारी गराउने प्रतिबद्धता जनाए ।

उनले भने, 'चलचित्र क्षेत्रमा दु:ख मात्रै छैनन् । सम्भावनाको ढोकाहरू धेरै छन् । सम्भावनाका ढोकाहरू पनि खुलिरहेका छैनन्, बन्द भएका सम्भावनाका ढोका हामी खोल्न सक्छौं । नेपाली सिनेमा क्षेत्र पनि संसारका सिनेमा इन्डस्ट्रीसँग प्रतिस्पर्धा गर्न सक्छ । नेपाली कलाकार र नेपाली प्राविधिकहरूमा ट्यालेन्टको कुनै कमी छैन । नेपालले बनाएको चलचित्रलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । म आएको एक महिना भएको छ । चलचित्र क्षेत्र अघि नबढ्नुको कारण के हो ? त्यसमा सल्लाह गरेर कारण हामी मन्त्रालयमा बुझाउने छौं । चलचित्र उद्योगलाई बुझेर काम गर्ने हो भने विश्वमा सबैभन्दा ठुलो आयस्रोत यसबाट नै गर्न सक्छौं । चलचित्र उद्योग आज सायद प्राथमिकतामा छैन तर चलचित्र क्षेत्र आयस्रोतको पहिलो माध्यम हो । हामी एकजुट भएर अघि बढौं, खुट्टा तान्ने काम नगरौं ।'

अध्यक्ष केसीले चलचित्र उद्योगलाई बुझेर काम गर्ने हो भने विश्वमा सबैभन्दा ठुलो आयस्रोत चलचित्र उद्योग बन्ने दाबी गरे । उनले चलचित्र उद्योग आज प्राथमिकतामा नपरे पनि प्राथमिकतामा पार्न लायक बनाउन आफ्नो पहल रहने बताए । उनले चलचित्र क्षेत्रलाई विकास गर्न कसैले कसैको खुट्टा तान्ने नभई एकजुट हुन जरुरी रहेको पनि जिकिर गरे ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले चलचित्र क्षेत्रका समस्यालाई समाधान गर्न सरकार तयार रहेको बताए । उनले चलचित्र क्षेत्रका समस्यालाई समाधान गर्न छलफलका कार्यक्रम अघि बढाउनुपर्ने बताए ।

# देशभर विकास र समृद्धिको सन्देश दिने मेरो सङ्कल्प छ : अध्यक्ष दाहाल



चितवन, १८ भदौ (रासस)/नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विकास र समृद्धिको सन्देश दिने आफ्नो सङ्कल्प रहेको बताएका छन् ।

नेपाल विद्युत् प्राधिकरणले भरतपुरमा सुरु गर्न लागेको वितरण प्रणाली भूमिगत तथा सुदृढीकरण कार्यको शलान्यास गर्दै अध्यक्ष दाहालले सङ्कल्पमा जनताको निरन्तर सहयोग रहने कुरामा आफू विश्वस्त रहेको बताए । जनताको चाहना विकास र समृद्धि भएको उल्लेख गर्दै उनले भने, "शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षा जनताको चाहना हो ।" भूमिगत विद्युतीकरणले जनताको सुरक्षा र नगरको सौन्दर्यता बढाउने उनको भनाइ थियो ।

भरतपुर महानगर पालिकाका प्रमुख रेनु दाहालले महानगरपालिकाको प्रयास र समन्वयका कारण छिटो काम सुरु भएको भन्दै ठेकेदार कम्पनीलाई समयमा काम सम्पन्न गर्न आग्रह गरे । सो अवसरमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले परियोजनाको काम दुई वर्षमा सम्पन्न गर्ने गरी काम गर्नुपर्नेमा जोड दिए । प्राधिकरणले अहिले रु १६ अर्ब नाफा गरेको उनले जानकारी दिए । अहिले दैनिक रु १० करोडदेखि रु १२ करोडसम्म बिजुली बेचिरहेको उनको भनाइ थियो ।

भरतपुर महानगर पालिकाका उपप्रमुख चित्रशेन अधिकारीले परियोजनाका कारण नगरवासीलाई गुणस्तरीय सेवा दिन सहज हुने बताए । भरतपुरको पुलचोकबाट गोन्द्राङसम्मको छ लेन सडक र बाइपास सडकमा भूमिगत विद्युतीकरण गर्न लागिएको हो । निर्माणको जिम्मा भारतको टाटा प्रोजेक्ट लिमिटेडलाई दिइएको छ । उक्त कम्पनीले भरतपुर र पोखरामा भूमिगत विद्युतीकरणको काम गर्ने छ । ठेक्काको रकम रु दुई अर्ब ५० करोड हाराहारी रहेको आयोजनाले जनाएको छ ।

भरतपुर बाइपास सडकको पुरै र छ लेनको पुलचोकबाट केन्द्रिय बस टूमिनलसम्म सबै तार भूमिगत गरिनेछ । बसपार्कबाट गोन्द्राङ सम्मको ३३ केभिएलाई मात्र पहिलो चरणमा भूमिगत गरिनेछ । सम्झौतामा काम गर्दा खनिएका सडक मर्मत गर्नुपर्ने उल्लेख छ । सन् २०२४ जनवरीसम्म काम सम्पन्न गर्नुपर्ने छ ।

भरतपुरका दुई सडक गरी ११ किलोमिटर क्षेत्रमा बिद्युत भूमिगत गर्न लागिएको हो । एशियाली विकास बैंकको सहयोगमा प्राधिकरणले यो आयोजना अघि बढाएको हो ।

# 'गुणस्तरीय स्वास्थ्यलाई सरकारले प्राथमिकतामा राखेको छ'

काठमाडौं, १८ भदौ (रासस)/प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गुणस्तरीय स्वास्थ्यलाई सरकारले प्राथमिकतामा राखेको बताएका छन् । नेपाली कांग्रेसको शुभेच्छुक संस्था प्रजातन्त्रवादी चिकित्सक सङ्घले शनिबार लैनचौर ब्याङ्क्वेटमा आयोजना गरेको 'सम्मान तथा शुभकामना आदानप्रदान' कार्यक्रममा उनले संविधानले स्वास्थ्य र शिक्षा क्षेत्रलाई मौलिक अधिकारका रूपमा ग्यारेन्टी गरेको बताए।

'समृद्ध नेपाल निर्माणमा स्वास्थ्य क्षेत्रको महत्वपूर्ण भूमिका छ, यसलाई सरकारले प्राथमिताका साथ बजेट विनियोजन गरेको छ", प्रधानमन्त्री देउवाले भने। आम नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक स्रोत साधनको व्यवस्थालाई सरकारले प्राथमिकता दिएको उनले उल्लेख गरे । उनले कोभिड-१९ को समयमा चिकित्सकले खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै कोरोना महामारीको समयमा खटिएका चिकित्सकलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गरे । सरकारले चिकित्सा शिक्षालाई सस्तो, सुलभ र सबैको पहुँचमा पुर्‍याउन काम गरिरहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री देउवाले ग्रामीण क्षेत्रका जनतालाई गुणस्तरीय स्वास्थ्य र सहज उपचार पाउने गरी सरकारले काम गरिरहेको बताए । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन नजिकिएको उल्लेख गर्दै उनले निर्वाचनमा कांग्रेसको पक्षमा जनमत सिर्जना गर्न प्रजातन्त्रवादी चिकित्सक सङ्घको महत्वपूर्ण भूमिका हुने बताए । सरकारले निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न लागेको उनले बताए ।

कांग्रेस उपसभापति धनराज गुरुङले मुलुकको हरेक आन्दोलनको नेतृत्व कांग्रेसले गरेको उल्लेख गर्दै समृद्ध नेपालको नेतृत्वका लागि आगामी निर्वाचनमा पार्टीलाई पहिलो बनाउनुपर्ने धारणा राखे ।

कार्यक्रममा कांग्रेस नेता डा शेखर कोइरालाले स्वास्थ्य क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्न नसकेको गुनासो गए । "सरकारले देशको कुल बजेटको जम्मा पाँच दशमलव ७५ प्रतिशत मात्र स्वास्थ्य क्षेत्रका लागि छुट्ट्याएको छ, उक्त बजेट स्वास्थ्य क्षेत्रका लागि एकदमै न्यून हो",उनले भने । नेता कोइरालाले कुनै पनि देशलाई समृद्ध बनाउनका लागि स्वास्थ्य र शिक्षामा बजेट पर्याप्त मात्रामा उपलब्ध गराउनुपर्ने बताए। जनतासँग प्रत्यक्ष जोडिएको स्वास्थ्य र शिक्षा मन्त्रालयलाई आगामी दिनमा कांग्रेस आफैंले राख्नुपर्ने उनको भनाइ थियो । उनले पार्टी र संसद्का महत्वपूर्ण क्षेत्रमा पेशागत क्षेत्रको प्रतिनिधित्व गराउन सकेमात्र देशको विकास हुने स्पष्ट पारे ।

कांग्रेस पूर्वमहामन्त्री डा शशाङ्क कोइरालाले दुर्गम क्षेत्रका जनतालाई स्वास्थ्य सेवा प्रदान गर्न प्रजातन्त्रवादी प्राध्यापक सङ्घले भूमिका खेल्नुपर्ने बताए । आगामी मङ्सिरमा हुन लागेको निर्वाचनमा चिकित्सकहरूलाई टिकट दिएर सम्मान गर्नुपर्ने उनको भनाइ थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका स्वास्थ्य सल्लाहकार डा आरपी विच्छाले वर्तमान सरकारले सबै नेपालीलाई खोपको सुनिश्चितता गरेर प्रशंशनीय काम गरेको बताए । "कोरोनाको उपचारमा खटिएका चिकित्सक तथा नर्सलाई भत्तादेखि लिएर चिकित्सकको सुरक्षाका लागि बनेको ऐन पास गरेर चिकित्सा क्षेत्रमा सरकारले उल्लेखनीय काम गरेको छ", उनले भने । नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा लोचन कार्की, प्रजातन्त्रवादी चिकित्सक सङ्घका पूर्वअध्यक्ष डा केदारनरसिंह केसी, प्रजातन्त्रवादी चिकित्सक सङ्घका महासचिव डा मुक्तिराम श्रेष्ठ लगायतले नेपालका हरेक आन्दोलनमा नेपालका चिकित्सकले खेलेको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै चिकित्सकलाई संसद् र पार्टीका विभिन्न तहमा ठाउँ दिन आग्रह गरे ।

# जलवायु परिवर्तनबारे शे फोक्सुण्डोमा सन्देशमूलक पदयात्रा हुने

काठमाडौं, १८ भदौ (रासस)/जलवायु परिवर्तनले पारेको असर सम्बन्धमा नेपालका विभिन्न क्षेत्रका अगुवा महिलाद्वारा डोल्पाको शे फोक्सुण्डो क्षेत्रमा सन्देशमूलक पदयात्रा हुने भएको छ । शे फोक्सुण्डोमा आगामी अक्टोबर ८ देखि १४ तारिखसम्म हुने उक्त पदयात्रामा स्थानीय, प्रदेश र सङ्घीय सरकारको सहयोग रहेको आयोजक संस्था साथसाथै फाउण्डेसनले जानकारी दिएको छ ।

जलवायु परिवर्तन, सामाजिक विकास र महिला सशक्तीकरणका क्षेत्रमा सक्रिय फाउण्डेशनले आयोजना गर्ने उक्त पदयात्रापछि शे फोक्सुण्डो ताल संरक्षण, प्रकृतिमा आधारित पर्यटन विकास र जलवायु परिवर्तनले स्थानीय जनजीवनमा परेको प्रभावलगायत विषयमा अन्तर्क्रिया हुने साथसाथैका अध्यक्ष प्रजिता कार्कीले जानकारी दिए ।

फाउण्डेसनले जारी गरेको विज्ञप्तिअनुसार शे फोक्सुण्डोमा 'हिमालबाट महिलाको आवाज, जलवायु न्यायका लागि महिला एकता र प्रकृतिमा आधारित पर्यटनको विकास' शीर्षकमा विशेष अन्तर्क्रिया हुनेछ । जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा महिलाको जनजीवन र पर्यापर्यटनमा पारेको असरबारे ध्यानाकर्षण गराउन विभिन्न क्षेत्रका विज्ञ महिलासहित ६० जनाले पदयात्रा गर्ने भएका हुन् ।

अध्यक्ष कार्कीले जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा पारेको असर, स्थानीय महिलाको जनजीवनमा परेको समस्या र प्रकृतिमा आधारित पर्यटनको सम्भावनाको उजागर गर्न र त्यसको समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने उद्देश्यका साथ शे फुक्सुण्डो पदयात्राको तयारी गरेको जानकारी दिए ।

"यो यात्रा जलवायु परिवर्तनले प्रकृति, प्रकृतिमा आधारित पर्यटन र स्थानीयको जनजीवनमा पारेको प्रभावबारे बुझ्न, बहस गर्न र समस्या समाधनको उपाय खोज्ने यात्रा हो', उनले भने, 'हामी घर, घरमा बसेर, आ-आफ्नो पेसा व्यवसाय अँगालेर बसेका नारी जलवायु परिवर्तन र जलवायु न्यायको मुद्दामा तथा महिलाको जनजीवनमा परेको अप्ठ्याराको विषयमा हिँड्दै समस्या सुन्दै, सुनाउँदै अघि बढिरहेका छौं ।'

एक साता लामो हुने पदयात्रामा समाजका विभिन्न क्षेत्रका अगुवा महिलाका साथै सङ्घीय, प्रदेश र स्थानीय सरकारका विभिन्न तहका सम्बद्ध अधिकारी, कूटनीतिक नियोगका प्रमुख र प्रतिनिधि, सञ्चार कर्मीसहितको सहभागिता हुनेछ ।

शे फोक्सुण्डो पदयात्रामा तराई मधेससहित विभिन्न प्रदेशबाट प्रतिनिधिमूलक रुपमा सांसद, प्रदेशसभा सदस्य र स्थानीय जनप्रतिनिधि, डोल्पाका स्थानीय र सरोकारवाला पक्षसमेत सहभागी भई शे फोक्सुण्डो घोषणापत्र जारी गर्ने कार्यक्रम छ ।

कार्यक्रममा नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कर्णाली प्रदेश सरकार, फोक्सुण्डो गाउँपालिका र विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सहकार्य हुने आयोजकले जानकारी दिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

आवश्यकता
यस **साझाकुरा राष्ट्रिय दैनिक**का लागि निम्न अनुसार अनुभवी, सक्रिय र इमान्दार कर्मचारी आवश्यक भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले निम्न ठेगानामा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
**पद** : मार्केटिङ्ग म्यानेजर
**योग्यता** : कक्षा १२ उत्तीर्ण
**कामको समय** : विहान ११:०० बजदेखि साँझ ७:०० बजेसम्म ।
**अनुभव** : कम्तिमा १ वर्ष पत्रपत्रिकाको मार्केटिङ्गसम्बन्धी ज्ञान ।
: मोटरसाइकल चलाउन जान्ने, लाइसेन्स भएको
**तलब** : आपसी समझदारीमा तय गरिने ।
साझाकुरा
www.sajhakuranews.com
हेटौंडा-१, साझाचोक, चौकीटोल
०५७-५२१११५, sajhakura@gmail.com

# कमल थापा मकवानपुर-१ बाट एकल उम्मेदवार सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/राप्रपा नेपालका अध्यक्ष कमल थापा मकवानपुरको निर्वाचन क्षेत्र नम्वर १ बाट प्रतिनीधिसभाको लागि उम्मेदवार सिफारिस भएका छन् ।

राप्रपा नेपाल मकवानपुरले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा निर्वाचनको लागि पार्टीका केन्द्रीय अध्यक्ष थापालाई उम्मेदवार सिफारिस गरेको हो ।

थापालाई उनको गृह क्षेत्र मकवानपुरको क्षेत्र नम्बर १ बाट सर्वसम्मत एकल उम्मेद्वार सिफारिस गरिएको राप्रपा नेपाल मकवानपुरले जनाएको छ ।



राप्रपा मकवानपुरको शनिबार हेटौँडामा भएको जिल्लाको बैठकले पूर्व उपप्रधानमन्त्री समेत रहेका थापालाई सर्वसम्वत उम्मेद्वार बनाउने निर्णय गरेको राप्रपा नेपाल मकवानपुरका अध्यक्ष गुरुप्रसाद सापकोटाले बताए । जिल्लाको २ नम्बर संघीय क्षेत्र तथा प्रदेशसभा क्षेत्रमा भने अर्को बैठकले नाम सिफारिस गरिने राप्रपा नेपाल मकवानपुरले जनाएको छ ।

# स्थापना दिवसमा वृद्धाश्रमलाई १० हजार हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/मेची महाकाली बुहारी संयुक्त आवाजले आफ्नो स्थापना दिवसमा वृद्धाश्रमलाई नगद १० हजार रुपैयाँ हस्तान्तरण गरेको छ ।

आवाजले शनिबार आफ्नो स्थापना दिवसको अवसरमा हेटौंडा-२ चौकिटोलस्थित ओम वृद्धाश्रमलाई १० हजार एकसय रुपैयाँ नगद सहयोग हस्तान्तरण गरेको हो ।

आश्रममा आश्रितहरुलाई एकछाक खाना बराबरको रकम हस्तान्तरण गरिएको आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठले जानकारी दिए ।

मेची महाकाली बुहारी संयुक्त आवाज मकवानपुरको अध्यक्ष कविता खरेलको अध्यक्षतामा भएको कार्यक्रममा आश्रमका पुर्वध्यक्ष बुद्धि प्रसाद पौडेलको प्रमुख आतिथ्यता रहेको थियो ।

# नेवा पुच: को अध्यक्षमा श्रेष्ठ चयन




साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/नेवा पुच: हेटौंडा उपमहानगरपालिका १ र २ को नयाँ कार्यसमिती चयन भएको छ ।

शनिबार सम्पन्न १३ औं साधारण सभाले पुरानो समिती बिघटन गर्दै नयाँ कार्यसमिती चयन गरेको हो । नेवा पुच:को अध्यक्षमा सिद्धिलाल श्रेष्ठ चयन भएका छन् । उनको नेतृत्वमा १४ सदस्यीय कार्यसमिती चयन भएको छ ।

नेवा पुच:को उपाध्यक्षमा कृष्णलाल श्रेष्ठ,सचिमा राजेन्द्र कुमार श्रेष्ठ,कोषाध्यक्षमा विष्णुलाल श्रेष्ठ,सदस्यहरुमा रजनी श्रेष्ठ, नीलम श्रेष्ठ र अन्जु श्रेष्ठ चयन भएका छन् ।

त्यस्तैगरि लेखा समिती संयोजकमा बिष्मिता श्रेष्ठ, ऋण उपसमितीको संयोजकमा विष्णुलाल श्रेष्ठ,सदस्यहरुमा शिवराज श्रेष्ठ र मानकुमारी श्रेष्ठ चयन भएका छन् । साधारण सभाले सल्लाहकारमा शम्भु नकर्मी, केदारलाल श्रेष्ठ र भिम कुमार श्रेष्ठलाई चयन गरेको छ ।

पुचका अध्यक्ष सिद्धिलाल श्रेष्ठको अध्यक्षता तथा हेटौडा उपमहानगर पालिका २ नम्वर वडाका अध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यतामा साधारणसभा भएको थियो । कार्यक्रममा नेवा गुठी खल:का अध्यक्ष अनिल खड्गी, नेवा दे दबु मकवानपुरका उपाध्यक्ष राम कुमार श्रेष्ठ, नेवा दे दबु हेटौडा उपमहानगर पालिकाका नगर अध्यक्ष प्रतिमा श्रेष्ठ लगायतको आतिथ्यता रहेको थियो ।

# मकवानपुर क्याम्पसको २४ करोड आयव्यय अनुमान

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/मकवानपुर बहुमुखी क्याम्पसले चालु आर्थिक वर्षका लागि २४ करोड आयव्यव अनुमान गरेको छ ।

क्याम्पसको शनिबार सम्पन्न १६ औं सभामा चालु आर्थिक वर्ष २०७९/०८० का लागि २४ करोड ११ लाख ९० हजार १७० रुपैयाँको आयव्यव अनुमान प्रस्तुत गरेको हो । क्याम्पसको कोषाध्यक्ष हिरालाल श्रेष्ठले संस्थाको अनुमानित आयव्यय प्रस्तुत गरेका थिए ।

गत आवमा क्यामपसले २० करोड ४० लाख ४८ हजार ६७९ को आयव्यव गरेको कोषाध्यक्ष श्रेष्ठको भनाई छ । उनले कोरोनाका कारण पठन पाठन र भर्ना संस्थाका केहि समस्या उत्पन्न भएता पनि क्रमिक रुपमा सहजहुँदै गएको बताए । ज्येष्ठ सदस्य नवराज अर्यालको अध्यक्षतामा भएको सभामा सञ्चालक समिति अध्यक्ष अनन्त प्रसाद पौडेलले क्याम्पसको पृष्ठभूमि र वर्तमान अवस्थाबारे जानकारी गराएका थिए ।




क्याम्पस सेवा समितिका अध्यक्ष बद्रीप्रसाद लम्सालले सेवा समितिले गरेका वार्षिक प्रगति प्रतिवेदन पेश गरेका थिए । सभामा विभिन्न तहमा उत्कृष्ट हुने विद्यार्थीलाई सम्मान गरिएको थियो । क्याम्पस प्राध्यापक लोकराज शर्माले विद्यावारिधी गरेकामा सम्मानित गरिएको थियो । सभामा क्याम्पसका पूर्वअध्यक्ष डोरमणि पौडेल, माइकल रामचन्द्र अर्याललगायत सभाका सभासदहरुको उपस्थिती थियो ।

# श्याम शर्माको अर्ध कदको सालिक अनावरण

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/बाम्पन्थी नेता, साहित्यकार तथा पत्रकार स्वर्गीय श्याम प्रसाद शर्माको अर्ध कदको सालिक अनावरण गरिएको छ ।

बागमती प्रदेशको मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले हेटौंडा १८ हर्नामाडीस्थित गुम्बाडाँडामा श्याम प्रसाद स्मृति पार्कमा रहेको शर्माको अर्ध कदको सालिक अनावरण गरेका हुन् ।

सालिक अनावरण गर्दै मुख्यमन्त्री पाण्डेले नेपाली माटो सुहाउँदो माक्सवादी बिचार प्रवाह गर्दै साहित्य, राजनीतिक र पत्रकारिताको क्षेत्रबाट शर्माले महत्वपूर्ण योगदान दिएको बताए ।



१९८६ असार ६ गते मकवानपुरको तत्कालिन मन्थली गाविसमा जन्मिएका शर्माको एक दर्जन बढि साहित्यकि कृति प्रकाशित छन् । प्रतिष्ठानका उपाध्यक्ष इन्द्र प्रसाद नेपालको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य मुनु सिग्देल, नेकपा एकिकृत समाजवादी मकवानपुरका अध्यक्ष सुर्यचन्द्र न्यौपाने लगायतले मनतव्य व्यक्त गरेका थिए ।

# भेट्रान्स कप सुरु, आयोजक र थापा गाउँ विजयी

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/नागस्वतीमा सुरु भएको ४० वर्षमाथिको राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगितामा आयोजक र थापा गाउँले विजयी सुरुवात गरेका छन् ।

आयोजकले पशुपति नगर हेटौंडालाई २-० गोलअन्तरले पराजित गरेको हो । हेटौंडाको विजय युथ क्लब सहभागी नहुँदा थापा गाउँ वाकओभर पाउँदै अघिल्लो चरणमा प्रवेश गरेको छ । भदौ २२ गतेसम्म सञ्चालन हुने राष्ट्रिय भेट्रान्स रनिङ शिल्ड फुटबल प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले गरेकी थिइन् ।

प्रतियोगिताको उद्घाटन गर्दै उनले खेलाडी उत्पादमा क्लबहरुले जोड दिनुपर्ने औंल्याइन् । उनले चालु आवमा खेल क्षेत्रका लागि करिब सात करोड रुपैयाँ विनियोजन गरेको समेत बताइन् ।



स्थानीय नवज्योति माविको मैदानमा जारी प्रतियोगितामा १८ टिमको सहभागी छ ।

आयोजक क्लब अध्यक्ष सोमबहादुर तितुङको अध्यक्षतामा उद्घाटन समारोह भएको थियो । प्रतियोगिताको विजेताले नगद २ लाख १ हजार रुपैयाँ र उपविजेताले १ लाख १ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगितामा करिब १५ लाख ५० हजार रुपैयाँ खर्च अनुमान गरिएको छ । हेटौंडा उपमहानगर पालिका तथा अन्य संघसंस्थाबाट सहयोगको अपेक्षा गरिएको आयोजकले जनाएको छ । क्लबको साधारणसभाबाट गरिएको निर्णय अनुसार प्रतियोगिता आयोजना गर्न लागिएको हो ।

# वैकल्पिक मार्गको व्यवस्थापन हुँदै

रसुवा, १८ भदौ (रासस)/वैकल्पिक मार्गलाई व्यवस्थित बनाई हल्का सवारी साधनको आवत जावतमा सहज बनाउन उत्तरगया गाउँपालिकाले बनुवा सडकको मर्मत कार्य सुरू गरेको छ ।

बनुवा घुम्तीबाट ठूलोबनुवा, हुर्रेडाँडा, चौकेटार हुँदै बोगटीटारसम्म करिब चार किमी दूरीको ग्रामीण सडक सञ्चालनको लागि दुई स्थानमा धमाधम ग्याबिन भर्ने काम अगाडि बढाइएको हो । ढाडे र गुहेखोलाको असहज स्थानमा ग्याबिन पर्खाल लगाउने काम ८० प्रतिशत पूरा भइसकेकाले ग्रामीण सडकको सतहमा ग्राबेल भर्न गाउँपालिकाको डोजर तथा टिपर तयारी अवस्थामा राखिएको उत्तर गया गाउँपालिका अध्यक्ष माधवप्रसाद अर्यालले बताए ।

भारी वर्षाको असरले बनुवा घुम्तीको पासाङल्हामु अन्तर्राष्ट्रिय मार्ग क्षति भएपछि बिरामी बोक्ने एम्बुलेन्स एवं हल्का सवारी साधनलाई सहजरूपले आवतजावत गराउन साँघुरो ग्रामीण सडकको उपयोग गर्न लागिएको बताउँदै उत्तर गया वडा नं ५ का वडाध्यक्ष यमनाथ आचार्यले ग्याबिन भर्ने काम अब एकदुई दिनमै सम्पन्न हुने जानकारी दिए।

अबका दिनमा बोगटीटार, चौकेटार, बनुवा, कर्मिडाँडा हुँदै धैवुङकोटको ग्रामीण कृषि मार्ग निरन्तर सञ्चालन गराउने गृहकार्य भइरहेको वडाध्यक्ष आचार्यले बताए । हल्का सवारी साधनका लागि सञ्चालनमा ल्याइएको तारूके, बेल्चौर आमभञ्ज्याङ खण्डको ग्रामीण सडकले मात्र धान्न नसक्ने अवस्था आएपछि ठूलोबनुवा हुँदै चौकेटारतर्फको ग्रामीण सडक सञ्चालनको सुधारात्मक कार्य अगाडि बढेको हो ।

पासाङल्हामु मार्गको नालीमा बग्ने पानी व्यवस्थापन नगर्दा बनुवा घुम्ती क्षेत्रको प्रमुख सडकमा ठूलो भाग क्षति भएको र मौखिकरूपको ठेक्काबाट अगाडि बढेको पुन:निर्माणका काम पनि कछुवाको तालमा मात्र भइरहेको स्थानीय बासिन्दा बताउँछन् ।

# बालबालिकाको संरक्षण र बिकासमा प्रदेश सरकार प्रतिबद्ध छ: मन्त्री मोक्तान

साझाकुरा संवाददाता

चितवन(सौराहा) १८ भदौ/बालबालिकाको संरक्षण र बिकासको क्षेत्रमा बागमती प्रदेश सरकार प्रतिबद्ध भएको बागमती प्रदेश सरकारकी सामाजिक बिकास मन्त्री कुमारी मोक्तानले बताए ।

शनिबार चितवनको सौराहामा बाल बिकास समाज काठमाडौंले आयोजना गरेको बाल संरक्षणका सवाल : चुनौती र समाधान सम्बन्धी बागमती प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा मन्त्री मोक्तानले बालबालिकाको सचेतनाको लागि प्रदेश सरकारले ठोस कार्यक्रम ल्याएको बताए ।

बागमती प्रदेश सामाजिक बिकास मन्त्रालयसंगको समन्वयमा भएको कार्यक्रममा बागमती प्रदेश नीति तथा योजना आयोगका सदस्य प्रल्हाद लामिछने बागमती प्रदेशको बाल संरक्षण र प्रवर्द्धनको क्षेत्र नीति निर्माण र कार्यान्वयनको लागि आयोगले सहयोग गर्ने बताए ।

वर्ल्ड भिजन इन्टरनेसनल नेपालको सहयोग र राष्ट्रिय बाल संरक्षण संजाल संगको सहकार्यमा भएको कार्यक्रममा वर्ल्ड भिजन इन्टरनेसनल नेपालका फिल्ड अपरेसन डाईरेक्टर अनुप रानाले नेपाल सरकारको बालबालिकाको क्षेत्रमा परेका प्राथमिकताको क्षेत्रमा वर्ल्ड भिजनको सहकार्य रहेको र




आगामी दिनमा सहकार्य गर्ने योजना रहेको बताए ।

अन्तरक्रिया कार्यक्रमले बाल अधिकार र संरक्षणका बिद्यमान ऐन नियमको बारेमा थप जानकारी प्राप्त भएको र आफ्नो पालिकामा बालबालिकाको क्षेत्रमा प्रभावकारी ढंगले नीतिगत व्यवस्था गरी कार्य गर्ने थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले बताए ।

कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का कार्यक्रम व्यवस्थापक नमुना भुषाल, संघीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिब बसन्त कुमार, बाल अधिकार तथा कानुन अध्येता चन्दिका खतिवडाले नेपालमा बाल अधिकार, कानुन बालमैत्री पालिका र बाल विवाह मुक्त अभियानको बारेमा प्रस्तुतिकरण गरेका थिए ।

कार्यक्रममा बागमती प्रदेश अन्तरगत मकवानपुर, धादिङ, चितवन, सिन्धुली जिल्लाका २० स्थानीय तहका उपप्रमुख तथा सामाजिक बिकास शाखाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

बाल बिकास समाजका अध्यक्ष सुबाश गौतमको अध्यक्षतामा भएको कार्यक्रममा बालबिकास समाजका महासचिव काजी बाबु पाण्डेयले स्वागत मन्तब्य राखेका थिए ।

कार्यक्रममा भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी, श्रम तथा सामाजिक सुरक्षा मन्त्रालयका बालश्रम महाशाखा प्रमुख बसन्त कुमार, बागमती प्रदेश सामाजिक बिकास मन्त्रालय सामाजिक बिकास महाशाखा प्रमुख गोपाल कडेल लगायतको आतिथ्यता रहेको थियो ।

# बागमती प्रदेशस्तरीय नृत्यमा धादिङ प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/अन्तरजिल्ला वाग्मती प्रदेशस्तरीय नृत्य प्रतियोगितामा धादिङ जिल्ला प्रथम भएको छ ।

निजी तथा आवासायी विद्यालय अर्गनाइजेसन (प्याब्सन) बागमती प्रदेशको आयोजनामा भएको नृत्यमा धादिङको एडभान्स एकेडेमी प्रदेश च्याम्पियन भएको हो । प्रतियोगिताको विजेता धादिङ भदौ २५ गते पोखरामा हुने राष्ट्रिय प्रतियोगिताका लागि समेत छनौट भएको छ ।

प्रतियोगितामा थ्रीस्टार सेकेण्डरी स्कुल भक्तपुर द्वितीय, नारायणी विद्या मन्दिर चितवन तृतीय, भ्याली पब्लिक स्कुल ललितपुर चौथो र रिलायन्स इंग्लिस स्कुल मकवानपुर पाँचौ भएको छ ।


विजयी विद्यार्थीहरुलाई प्याब्सन प्रदेश अध्यक्ष केशवलाल श्रेष्ठ र मकवानपुर अध्यक्ष विनोद सुवेदीले पुरस्कार वितरण गरेका थिए ।

**सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा**

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक
**सिद्धार्थ माध्यमिक विद्यालय**
हेटौडा- २, मकवानपुर
**सम्पर्क नम्बर**: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५९८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७




**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर**: बिनोद शाही
☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना